का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ फागुन २०७९,
सोमबार
6 March 2023,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ४० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



सर्वोच्चको सन्देश

## संक्रमणकालीन न्यायलाई थप नअल्झाऊ

द्वन्द्वकालको घटनाका पीडितले न्याय र परिपुरण पाउने विषयलाई अनन्तकालसम्म अल्झाइराख्न नमिल्ने सर्वोच्च अदालतको आदेशसँगै संक्रमणकालीन न्याय निरुपणको विषयमाथिको बहस सतहमा आएको छ ।

**दीपेन्द्रविक्रम तामाङ/मध्यान्ह**
काठमाडौं, २१ फागुन ।

सर्वोच्च अदालतले सशस्त्र द्वन्द्वका घटनालाई लामो समयसम्म अल्झाइरहन नमिल्ने आदेश दिएको छ । द्वन्द्वकालको घटनाका पीडितले न्याय र परिपुरण पाउने विषयलाई अनन्तकालसम्म अल्झाई राख नमिल्ने सर्वोच्च अदालतको आदेशसँगै संक्रमणकालीन न्याय निरुपणको विषयमाथिको बहस सतहमा आएको छ । राष्ट्रपति निर्वाचनको सम्मुखमा न्यायधीशद्वय ईश्वरप्रसाद खतिवडा र हरिप्रसाद फुयाँलको इजलाशबाट आएको यस आदेश र संक्रमणकालीन न्याय सम्बन्धी बहसले नेपाली राजनीति तरगिंत हुन पुगेको छ ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले २०७६ को – बाँकी पृष्ठ २ मा

● तत्कालीन शाही सेना र माओवादीले 'बेपत्ता पारेका' दुई छोराको फोटो नियाल्दै वृद्धा आमा । *तस्बिर बिनिता दाहाल, बिबिसी*

## झस्किए माओवादी नेताहरु !

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २१ फागुन ।

१० वर्षे सशस्त्र द्वन्दको मुद्दामा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डविरुद्ध अदालतमा रिट दायर भएपछि पूर्व माओवादी नेताहरु प्रचण्डको बचाउमा एकमत भएका छन् । द्वन्दकालीन विषयमा मुद्दा दर्ता गर्न अदालतले आदेश दिनु शान्तिसम्झौता विपरीत भएको उनीहरुको भनाइ छ ।

यता प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' विरुद्धको मुद्दा दर्ता गर्नु भनी सर्वोच्च अदालतले आदेश दिएपछि प्रचण्ड संकटमा परेका छन् । द्वन्द्वकालमा मारिएका ५ हजारको जिम्मेवारी आफूले लिन्छु भनेर दिएको अभिव्यक्तिलाई आधार मानेर अधिवक्ता ज्ञानेन्द्रराज आरण लगायतका २५ जना र कल्याण बुढाथोकी लगायतका ९ जनाले प्रचण्डलाई पक्राउ गरि अनुसन्धान गर्न रिट दर्ता गराएका थिए । सर्वोच्च अदालतका रजिष्ट्रारले दर्ता गर्न नमिल्ने भनी दरपिट गरेको आदेशलाई अदालतका न्यायाधीश ईश्वर खतिवडा र न्यायाधीश हरि फुयाँलको संयुक्त इजलासबाट बदर गरी रिट दर्ता गर्नु भनी आदेश दिएका थिए । उक्त आदेशपछि आत्तिएका प्रचण्डले विज्ञप्ति नै जारी गरेर मुद्दा दर्ता गर्ने आदेश दिनु शान्तिसम्झौता विपरीत भएको उल्लेख गरेका छन् ।



**देवप्रसाद गुरुङ**
**महासचिव, माओवादी केन्द्र**

> रिट निवेदन न्यायिक पुनरावलोकनको सामान्य सिद्धान्त विपरीत छ । यो वर्तमान नेपालको संविधानले प्रदान गरेको विचार र अभिव्यक्ति स्वतन्त्रताको पनि ठाडै प्रतिकूल छ ।

'रिट निवेदन न्यायिक पुनरावलोकनको सामान्य सिद्धान्त विपरीत र वर्तमान नेपालको संविधानले प्रदान गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता ठाडै प्रतिकूल भएको सम्बद्ध निकायहरूलाई अवगत गराउन चाहन्छौं,' महासचिव देवप्रसाद गुरुङद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

नेपाल समाजवादी पार्टीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई पनि प्रचण्डविरुद्धको मुद्दा जनयुद्धलाई अपराधीकरण गर्ने प्रयास भएको बताउँछन् । 'तीन वर्षअघिको एउटा सामान्य कुरालाई लिएर बहालवाला प्रधानमन्त्रीलाई गिरफ्तार गर्ने मुद्दा लगाउन मिल्छ भन्ने निर्णय गर्नु भनेको निहुँ खोजको – बाँकी पृष्ठ २ मा

सुदूरपश्चिमबाट सुरु

## कांग्रेस–माओवादी सत्ता सहकार्य

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २१ फागुन ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले विश्वासको मत पाएका छन् । यो सँगै १० पुसमा टुटेको नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीबीचको सत्ता सहकार्य पुनः जोडिएको छ ।

आइतबार बसेको प्रदेशसभाको बैठकमा मुख्यमन्त्री शाहले पेश गरेको विश्वासको मत सम्बन्धी प्रस्तावको पक्षमा ४१ र विपक्षमा ११ मत पऱ्यो । सभामुख भीमबहादुर भण्डारीले शाहले पेश गरेको प्रस्तावको पक्षमा बहुमत सदस्यले मतदान गरेपछि प्रस्ताव बहुमतले स्वीकृत भएको घोषणा गरे । यो मत ५३ सदस्यीय प्रदेशसभाको दुई तिहाइ भन्दा बढी हो । २६ माघमा संविधानको धारा १६८ को उपधारा(३) अनुसार ठूलो दलको हैसियतमा मुख्यमन्त्रीमा नियुक्त भएका शाहलाई कांग्रेसका १९, माओवादी केन्द्रका (सभामुख बाहेक) १०, नागरिक उन्मुक्ति पार्टीका ७, नेकपा एकीकृत समाजवादीका ४ र स्वतन्त्र सांसद डा.तारा जोशीले विश्वासको मत दिएका हुन् । २७ पुसमा एमाले, माओवादी, – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## सेवा शुल्कबापत प्राप्त रकमको विवरण माग स्थगित गर्न विभागलाई औपचारिक आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ फागुन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले स्वच्छ एवम् न्यायोचित भर्ना प्रणालीबाट वैदेशिक रोजगारीमा पठाएका कामदार तथा सेवा शुल्कबापत प्राप्त रकमको विवरण माग गर्ने कार्य स्थगित गर्न वैदेशिक रोजगार विभागलाई औपचारिक आग्रह गरेको छ ।

विभागले गत फागुन १६ गते स्वच्छ एवम् मर्यादित भर्ना प्रक्रियामार्फत कामदार पठाउने म्यानपावर कम्पनीलाई प्रोत्साहित गर्ने भन्दै कामदारको संख्यासहित प्राप्त सेवा शुल्कको विवरण समेत पठाउन संघमार्फत व्यवसायीलाई आग्रह गरेको थियो । विभागको उक्त पत्रपछि वैदेशिक रोजगार व्यवसायीहरूले त्यसबारेमा विभिन्न कोणबाट छलफल गरिरहेका थिए ।

आइतबार संघका पदाधिकारी तथा कार्यसमितिसहितको छलफलबाट विभागलाई विवरण नबुझाउने विषयको औपचारिक पत्र पठाउने निर्यण गरेको थियो । उक्त निर्णयपछि आइतबार नै विभागमा पत्र दर्ता गराएको महासचिव मेघनाथ भुर्तेलले मध्यान्हलाई जानकारी दिए । गत शुक्रबार नै विज्ञप्ति जारी गर्दै संघले विवरण पठाउने विषयमा थप छलफल आवश्यक रहेको बताएको थियो । विभागले मुख्यगरी मलेसिया कामदार पठाएका म्यानपावर कम्पनीहरूलाई लक्षित – बाँकी पृष्ठ २ मा

### रोमानियामा मृत्यु भएका कामदारको परिवारलाई अजित म्यानेजमेन्टको सहयोग



काठमाडौं/मस- काठमाडौंको सिनामंगलस्थित अजित म्यानेजमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी प्रा.लि.ले आफ्नो कम्पनीबाट वैदेशिक रोजगारका क्रममा रोमानियामा मृत्यु भएका एक कामदारको आश्रित परिवारलाई पाँच लाख रूपैयाँ सहयोग गरेको छ । – बाँकी पृष्ठ २ मा

## 'मुस्ताङमा विश्वविद्यालय खोल्ने निर्णय भएको छैन'

मुस्ताङमा विश्वविद्यालय खोल्न अनुमति दिएको भनी सार्वजनिक आलोचना चुलिएपछि सरकारले त्यस्तो निर्णय नभएको प्रष्टीकरण दिएको हो ।



> मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा सरकारले कुनै अमूक देशको प्रस्तावमा कुनै अर्को देशलाई लक्षित गरी विश्वविद्यालय स्थापना गर्न थालेको भन्ने अभिव्यक्ति पूर्णत: भ्रमपूर्ण रहेको छ । नेपाल सरकारले यससम्बन्धी कुनै निर्णय नगरेको स्पष्ट गर्न चाहन्छौं ।

■ **रेखा शर्मा**
**प्रवक्ता, सरकार**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ फागुन ।

सरकारले मुस्ताङमा विश्वविद्यालय खोल्ने निर्णय नभएको प्रष्टीकरण दिएको छ । मुस्ताङमा विश्वविद्यालय खोल्न अनुमति दिएको भनी सार्वजनिक आलोचना चुलिएपछि सरकारले त्यस्तो निर्णय नभएको प्रष्टीकरण दिएको हो ।

सरकारका प्रवक्ता तथा सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले विज्ञप्ति निकालेर मुस्ताङमा विश्वविद्यालय स्थापना गर्नका लागि भारतलाई अनुमति दिएको भन्ने नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको भनाइ भ्रमपूर्ण रहेको बताएकी छन् । पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीको भनाइप्रति सरकारको गम्भीर ध्यानाकर्षण भएको उनले बताएकी छन् ।

'मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा सरकारले कुनै अमूक देशको प्रस्तावमा कुनै अर्को देशलाई लक्षित गरी विश्वविद्यालय स्थापना गर्न थालेको भन्ने अभिव्यक्ति पूर्णतः भ्रमपूर्ण रहेको छ,' विज्ञप्तिमा भनिएको छ, 'नेपाल सरकारले यससम्बन्धी कुनै निर्णय नगरेको स्पष्ट गर्न चाहन्छौं ।'

बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले कलेज स्थापनाका लागि सहयोग गर्न अनुरोध गर्दै भारतीय दूतावासलाई पत्र लेखेको भन्ने समाचार सार्वजनिक भएकाले यस सम्बन्धमा के भएको हो त्यसको अध्ययन र आवश्यक छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्ने पनि सरकारले स्पष्ट पारेको छ ।

शनिबार काठमाडौंमा भएको एक कार्यक्रममा एमाले अध्यक्ष ओलीले मुस्ताङमा विश्वविद्यालय खोल्ने भारतको प्रस्तावलाई स्वीकार गरेर – बाँकी पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
२२ फागुन २०७९, सोमबार
6 March 2023, Monday

# दोषीलाई कारबाही गर्न सरकारसँग माग

**काठमाडौं/मस–** अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले विश्व खाद्य कार्यक्रमअन्तर्गत कर्णाली र सुदूरपश्चिम प्रदेशका विद्यालयका दिवा खाजा कार्यक्रमका लागि ल्याइएको चामल गुणस्तरहीन अवस्थामा फेला परेको घटनाका दोषीलाई कारबाही गर्न सरकारसँग माग गरेको छ। इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालले आइतबार जारी गरेको विज्ञप्तिमा अखाद्य सामग्री बालबालिकालाई वितरण गर्न ल्याउन लागिएको घटनाको छानबिन गरी त्यस कार्यमा संलग्न दोषीहरूमाथि कानुनी कारबाही चलाउन सरकारसँग माग गरिएको छ।

विज्ञप्तिमा विश्व खाद्य कार्यक्रमले वितरण गर्ने खाद्यान्नको पूर्वपरीक्षण अनिवार्य गर्न माग गरिएको छ। विज्ञप्तिमा भनिएको छ, '५४ हजार किलो भिजेको, मक्किएको र गन्हाएको चामल नेपाल भित्र्याउन लागिएको घटनालाई हामीले नेपाली जनताको स्वस्थकर खाद्यान्नको हकविरुद्ध र विशेषतः बालबालिकाको सर्वोत्तम हित प्रतिकूल गम्भीर हेलचेर्क्याइँ ठानेका छौं।'

नेपालका दुर्गम क्षेत्रमा कामका लागि खाद्यान्न तथा दिवा खाजाजस्ता कार्यक्रमअन्तर्गत विश्व खाद्य कार्यक्रमले ४५ वर्षअघि देखि खाद्यान्न वितरण गर्दै आएको छ। विसं २०६६ जेठ, असार र साउनमा जाजरकोटलगायत पहाडी जिल्लामा तीन सयजना भन्दा बढी नागरिकको झाडाका कारण मृत्यु भएपछि इन्सेकले गरेको स्थलगत अध्ययनमा खाद्यान्न वितरणका क्रममा हुने गरेको अनियमितता छर्लङ्ग भएको विज्ञप्तिमा उल्लेख छ। 'विसं २०६६ साउन ३१ गते सार्वजनिक गरिएको उक्त अध्ययन प्रतिवेदनमा विश्व खाद्य कार्यक्रमले जाजरकोटसहितका पहाडी जिल्लामा वितरण गरेको कुहिएको चामल पनि पखालाको एउटा कारण भएको जनाएको थियो', प्रतिवेदनलाई उद्धृत गर्दै विज्ञप्तिमा भनिएको छ, 'प्रतिवेदनमा अखाद्य खानेकुराको वितरण तथा उपभोग गरिएको र म्याद नाघेको वाटर प्युरिफायर बाँडिएको, खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागले सङ्कलन गरिएको यथेष्ट नमूनाका आधारमा जाजरकोटमा विपरीत चामल खान नमिल्ने भएको ठहर गरेको जानकारीसमेत समावेश गरिएको थियो।'

उक्त प्रकरणको छानबिन गरी दोषीमाथि कारबाही चलाउन नेपाल सरकार र संयुक्त राष्ट्रसंघलाई समेत गरिएको ध्यानाकर्षणको बेवास्ता गरिएको इन्सेकको ठहर छ। विश्व खाद्य कार्यक्रमले नेपालमा आपूर्ति गर्ने सबै प्रकारका खाद्यान्नको परीक्षण अनिवार्य गरी नेपाली जनताको खाद्यसम्बन्धी संवैधानिक हक सुनिश्चित गर्न मागसमेत इन्सेकले गरेको छ।

# डा. रुइतको गाउँका ७० जनाको आँखाको शल्यक्रिया



**ताप्लेजुङ/मस–** ताप्लेजुङको फक्ताङलुङ गाउँपालिकामा सञ्चालित निःशुल्क आँखा शिविरमा ७० जना मोतियाविन्दुका बिरामीको शल्यक्रिया गरिएको छ। तिलगङ्गा आँखा प्रतिष्ठान काठमाडौं र फक्ताङलुङ गाउँपालिकाद्वारा आयोजित शिविरमा मोतियाविन्दुको समस्या देखिएका बिरामीको निःशुल्क शल्यक्रिया गरिएको हो।

फागुन ८ गतेदेखि यस गाउँपालिकाका विभिन्न ठाउँमा भएको आँखा जाँच तथा सामान्य उपचारका क्रममा भेटिएका मोतियाविन्दुका बिरामीको शनिबार र आइतबार शल्यक्रिया भएको हो। नेपालका प्रख्यात नेत्र रोग विशेषज्ञ चिकित्सक सन्दुक रुइतसहित आँखाका स्वास्थ्यकर्मीको टोलीले शल्यक्रिया गरेको हो। चिकित्सक रुइत आफू जन्मिएको गाउँमा आएर उपचारमा संलग्न भएका हुन्।

शिविरमा दुई हजार चार सय ३० जना आँखाका बिरामीको जाँच तथा सामान्य उपचार भएको छ। दुर्गम मानिने यस गाउँपालिकाका विभिन्न ठाउँमा आँखा जाँच तथा सामान्य उपचार सेवा सञ्चालन गरिएको थियो। गाउँपालिकाको केन्द्र तापेथोकमा शल्यक्रिया गर्ने व्यवस्थापन गरेर मोतियाविन्दुको समस्यामा परेकाको उपचार भएको गाउँपालिका प्रमुख मुक्ति लाबुङले जानकारी दिए।

बिरामीलाई शल्यक्रिया गर्ने स्थानसम्म आउन सवारी साधन र खानबस्नेको व्यवस्था गाउँपालिकाले गरेको गाउँपालिका प्रमुख लाबुङले जानकारी दिए। जटिल समस्या देखिएका चार जनालाई भने तिलगङ्गा आँखा अस्पतालमा उपचारका लागि सिफारिस भएको छ। दुर्गम ठाउँमा शिविर सञ्चालन हुँदा सेवा पाएका स्थानीयवासी भने खुसी भएका छन्।

## सर्वोच्चको...

माघीका अवसरमा काठमाडौंको खुलामञ्चमा आयोजित कार्यक्रममा सम्बोधन गर्दै सशस्त्र युद्धका क्रममा मारिएका १७ हजारमध्ये १२ हजार तत्कालीन राज्यका तर्फबाट मारिएको बताएका थिए। बाँकी ५ हजार मृतक तत्कालीन माओवादीका तर्फबाट मारिएको उल्लेख गर्दै उनले युद्धको जिम्मा आफू लिन तयार रहेको बताएका थिए। उनको यो अभिव्यक्तिविरुद्ध माओवादीबाट मारिएकाको परिवारका सदस्य र घाइतेहरूले सर्वोच्च अदालतमा रिट दिएका थिए। सुरुमा सर्वोच्च अदालतले उक्त निवेदन नै दर्ता गरेको थिएन।

त्यपछि दरपीठ विरुद्धको निवेदनको सुनुवाइपछि सर्वोच्च अदालतले मुद्दा दर्ता गर्न आदेश दिँदै 'पीडित पक्षले हक प्रचलनका लागि यस अदालतमा प्रवेश नै नपाउने भन्ने आदेश(दरपीठ)'लाई उल्ट्याइदिएको हो। पीडाको न्यायिक सम्बोधन हुन नसकेको, संक्रमणकालीन न्यायका लागि स्थापित दुई आयोग लगायतका संयन्त्रहरु निष्कृय रहेको विषयलाई सर्वोच्च अदालतले गम्भिरतापूर्वक लिएको छ। त्यत्तिका आधारमा पीडितको हक निषेधित हुन नसक्ने औंल्याउदै सर्वोच्चले आदेशमा भनेको छ, 'फौजदारी न्याय प्रकृया निष्कृय, शून्य वा निष्प्रभावी अवस्थामा रहनु हुँदैन।'

संक्रमणकालीन न्यायमा भएको विलम्बका कारण पीडितले पाउनुपर्ने परिपूरण, क्षतिपूर्ति लगायत न्याय सम्बन्धी हक खोजेको उल्लेख गर्दै सर्वोच्च अदालतले यसअघिका नजीर, अन्तर्राष्ट्रिय कानून र सिद्धान्त अनुसार पनि पीडितको हक कुण्ठित हुन नसक्ने औंल्याएको हो। सर्वोच्च अदालतको आदेशमा भनिएको छ, 'यस अदालतबाट भएको फैसला तथा अन्तर्राष्ट्रिय कानून र सिद्धान्त बमोजिम पीडितहरुले सत्यतथ्य जानकारी पाउने तथा न्याय र परिपूरण पाउने विषयहरु विभिन्न कारण देखाइ अनन्तकालसम्म अल्झाइराख्न मिल्ने देखिँदैन।' अर्थात, सर्वोच्च अदालतले सरकारलाई संक्रमणकालीन न्यायलाई थप नअल्झ्याउन प्रष्ट भनेको छ।

विस्तृत शान्ति सम्झौताको १६ वर्षसम्म पनि पीडितले संक्रमणकालीन न्याय नपाएको भन्दै सर्वोच्च अदालतले थप नअल्झ्याउने सन्देश दिँदै आदेशमा भनेको छ, 'राज्यले दण्डहीनतालाई प्रोत्साहन गर्ने नभएर द्वन्द्वको कारणबाट श्रृजित परिणामलाई न्यायिक तवरबाट मनासिव समयभित्र व्यवस्थापन गर्नु आवश्यक हुन्छ।'

सर्वोच्च अदालतले १४ फागुन २०७१ मा संक्रमणकालीन न्याय प्रक्रिया टुंगोमा पुऱ्याउँदा पनि द्वन्द्वकालका गम्भीर मानवअधिकार उल्लंघनकर्तालाई कारवाही सुनिश्चित हुने कानून बनाउन आदेश दिएको थियो। १४ फागुन २०७१ को फैसला न्यायाधीशहरू कल्याण श्रेष्ठ, वैद्यनाथ उपाध्याय र चोलेन्द्रशमशेर जबराको विशेष इजलासले गरेको थियो। पुरानो आदेशलाई स्मरण गर्दै सोमबार सर्वोच्च अदालतबाट आदेश भएसँगै अब सरकारले सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग गठनसम्बन्धी ऐनलाई सर्वोच्च अदालतको पुरानै फैसला बमोजिम संशोधन गर्नुपर्नेछ।

**नौ दलको बैठक : संक्रमणकालीन न्यायसम्बन्धी विधेयक संसद्मा पेस गर्ने निर्णय**

सरकार समर्थित ९ दलले सर्वोच्च अदालतको फैसलाबमोजिम संक्रमणकालीन न्यायसम्बन्धी विधेयक संघीय संसद्मा पेस गर्ने निर्णय गरेका छन्। प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार साँझ बसेको बैठकले द्वन्द्वकालीन घटनाबाट पीडित नागरिक एवम् उनका परिवारलाई न्याय दिन आवश्यक विधेयक अदालतको फैसलाबमोजिम कानुन बन्ने गरी संसद्को यसै अधिवेशनमा प्रस्तुत गर्ने निर्णय गरेको हो।

प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई द्वन्द्वकालमा भएका व्यक्ति हत्यासम्बन्धी मुद्दामा पक्राउ गरी अनुसन्धान गर्न माग गरिएको निवेदन दर्ता गर्न सर्वोच्च अदालतले आदेश दिएपछिको परिस्थितिमा ९ दलको संयुक्त बैठक बसेको हो।

बैठकपछि पत्रकारसँग कुरा गर्दै नेपाली कांग्रेसका नेता तथा प्रतिनिधिसभामा प्रमुख सचेतक रहेका रमेश लेखकले संक्रमणकालीन न्यायसम्बन्धी विवाद संसद्को चालु अधिवेशनमा टुंगो लगाउने गरी अगाडि बढाइने बताए। द्वन्द्वकालीन घटनालाई निष्कर्षमा लैजानु सबै राजनैतिक दल तथा सबै पक्षको दायित्व भएको उनले बताए।

बैठकपछि जारी गरिएको नौ दलको संयुक्त विज्ञप्तिमा भनिएको छ, 'द्वन्द्वकालीन घटनाबाट पीडित नागरिक एवम् उनका परिवारलाई न्याय दिन आवश्यक विधेयक सम्मानित सर्वोच्च अदातलको फैसलाबमोजिम कानुन बन्ने गरी संसद्को यसै अधिवेशनमा प्रस्तुत गरिने छ। कानुन निर्माणका साथै सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिनसम्बन्धी आयोग गठन गरिने छन्।' यस्तै नौ दलले संविधानविपरीतका गतिविधि र तिनलाई सहयोग गर्ने क्रियाकलापहरु लोकतन्त्रविरोधी अवान्छित रहेको ठहर समेत गरेका छन् भने संविधान र लोकतान्त्रिक गणतन्त्र रक्षाका लागि एकजुट भई अगाडि बढ्ने दृढता समेत व्यक्त गरेका छन्।

'केही दिनयता जनताको त्याग र बलिदानबाट प्राप्त संविधान र लोकतान्त्रिक गणतन्त्रको मर्म एवम् भावनाविपरीत भइरहेका केही क्रियाकलापतर्फ हाम्रो ध्यान गम्भीररुपले आकृष्ट भएको छ,' विज्ञप्तिमा उल्लेख छ,'संविधानले नचिनेका नदेखेका तथाकथित पदका नाममा गरिने संविधान विपरितका गतिविधि र तिनलाई सहयोग गर्ने क्रियाकलापहरु लोकतन्त्र विरोधी अवान्छित हुन भन्ने विषयमा हामी एकमत छौं। संविधान र लोकतान्त्रिक गणतन्त्रको रक्षाका लागि एकजुट भई अगाडि बढ्ने दृढता व्यक्त गर्दछौं।'

साथै शान्ति प्रक्रियाका बाँकी कामलाई विस्तृत शान्ति सम्झौता र संविधानको भावनाअनुरुप तार्किक निस्कर्षमा पुर्‍याउन प्रतिबद्ध रहेको पनि विज्ञप्तिमा जनाइएको छ।

## झस्किए...

होइन ? जिस्क्याएको होइन' उनले भने। साथै उनले उक्त मुद्दामा विचार मिल्नेहरुबीच सहकार्य हुने बताएका छन्।

'माओवादीलाई अपराधी र हत्यारा भन्नेलाई हामी ठेगान लगाउन सक्छौं। २ सय वर्षसम्म नेपालीलाई चुसेर अर्बौं सम्पत्ति थुपार्नेहरु अपराधी हुन् कि जनताको अधिकारका लागि लड्नेहरु अपराधी ? हेक्का राखे हुन्छ' नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दले भने। उनले माओवादीलाई अपराधी र हत्यारा भन्नेलाई ठेगान लगाउने चेतावनी समेत दिएका छन्।

तर, राजनीतिक विश्लेषक मुमाराम खनाल भने जनयुद्धको लाभ प्रचण्ड र उनका परिवार बाहेक कसैले पाउन नसकेको तर्क गर्छन्। 'दाहालले दशवर्षे द्वन्दप्रति न्याय गर्थे भने उनले जनता र समाजका लागि सोच्थे। उनी त अहिले परिवारवादको दलदलमा र पद पाउने चक्करमा लागेका छन्, अदालतको निर्णय आवश्यक हो,' खनालले भने। उनले अदालतको आदेश मान्नुको विकल्प नरहेको समेत प्रष्ट पारेका छन्। एकातिर संक्रमणकालीन न्यायको मुद्दा टुंग्याउन नसक्नु अर्कातिर उनीविरुद्ध सर्वोच्चमा मुद्दा दर्ता हुनुले उनी संकटमा परेको प्रष्ट हुन्छ।

## सुदूरपश्चिमबाट...

नागरिक उन्मुक्ति पार्टी र राप्रपाको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त भएका राजेन्द्रसिंह रावलले प्रदेश सभाबाट विश्वासको मत पाउन नसकेपछि शाह २६ माघमा मुख्यमन्त्री नियुक्त भएका थिए। प्रदेश प्रमुख देवराज जोशीले संविधानको धारा १६८ को उपधारा (३) अनुसार ठूलो दलको हैसियतमा शाहलाई मुख्यमन्त्रीमा नियुक्त गरेका थिए। विश्वासको मत दिने दलहरुले शाह नेतृत्वको सरकारमा सहभागीसमेत हुने निर्णय गरेका छन्।

१० पुस अगाडि कांग्रेस, माओवादी, एकीकृत समाजवादीसहितका पाँच दल गठबन्धनमा थिए। चुनाव अगाडि सोही गठबन्धनको नेतृत्वमा सरकार थियो। प्रधानमन्त्री थिए नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा। चुनावमा सँगै लडेको पाँच दलीय गठबन्धनबाट चुनाव लगत्तै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रधानमन्त्री हुन चाहे। कांग्रेसले राष्ट्रपति र प्रधानमन्त्री दुबै नछाड्ने बताएपछि प्रचण्ड एमालेको समर्थनमा प्रधानमन्त्री भए। सोही दिनबाट चुनाव अगाडिको गठबन्धन टुटेको थियो। त्यसपछि प्रचण्डलाई प्रधानमन्त्री दिएर अगाडि जान कांग्रेस राजी भयो। त्यसमा स्वयम प्रचण्ड तयार हुँदा राष्ट्रपतिको निर्वाचन नआइपुग्दै कांग्रेस र माओवादी सत्ता सहकार्य गर्ने निर्णयमा पुगेका छन्। तर, संघीय सरकारमा कांग्रेस सहभागी भइसकेको छैन। तर, सुदुरपश्चिम प्रदेशमा कांग्रेस र माओवादीबीच सत्ता सहकार्यको औपचारिक सुरुवात सोमबारबाट भएको छ। यो सँगै १० पुसमा टुटेको नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीबीचको सत्ता सहकार्य पुनः जोडिएको हो।

## सेवा...

गरी उनीहरूले स्वच्छ एवम् न्यायोचित भर्ना प्रणालीबाट कामदार पठाएको देश, गत आर्थिक वर्ष र चालू आर्थिक वर्षको हालसम्मको विवरण र कामदार पठाएर रोजगारदाताबाट म्यानपावर कम्पनीले शोधभर्नाबापत पाएको रकमको विवरणसमेत पठाउन आग्रह गरेको थियो।

महासचिव भुर्तेलले २०७२ असार २१ गते तत्कालीन श्रम राज्यमन्त्रीस्तरीय निर्णयले लागू गरिएको फ्रि भिसा, फ्रि टिकट तथा शून्य लागतको निर्णयमा संघ नीतिगतरूपमा हालसम्म पनि असहमत रहेको भन्दै नेपाल सरकारले बिना अध्ययन एक पक्षीयरूपमा फ्रि भिसा र फ्रि टिकटमा कामदार पठाउनु पर्ने भनी सिर्जना गरेको बाध्यात्मक अवस्थाको अन्त्य नगरेसम्म सरकारसँग त्यस विषयमा समन्वय र सहकार्य हुन नसक्ने बताए।

श्रम मन्त्रालयले फ्रि भिसा, फ्रि टिकट तथा शून्य लागतको निर्णय कार्यान्वयन गर्दा नेपाल वैदेशिक रोजगार व्यवसायी संघसँग गरेको सहमतिसमेत हालसम्म कार्यान्वयन नगरेको र पछि नेपालका गन्तव्य मुलुकहरूसँग गरेका श्रम सम्झौतामार्फत पनि फ्रि भिसा र फ्रि टिकटमा कामदार पठाउन पाउने व्यवस्थाको प्रत्याभूति नगरेको अवस्थामा व्यवसायीसँग विवरण माग गर्नुको औचित्य नरहेको भुर्तेलले दाबी गरे।

उनले भने, 'विभागले माग गरेको विवरण हरेक आर्थिक वर्षको अन्त्यमा व्यवसायीले वैदेशिक रोजगार विभागमा बुझाउने गरेको र आवश्यक विवरण विभागमा नै हुने भएकाले व्यवसायीसँग माग गर्नुको अर्थ देखेनौं। सोही व्यहोराको पत्र विभागलाई पठाएका छौं।'

उता विभागले भने वैदेशिक रोजगारीका लागि दर्ता म्यानपावर कम्पनीलाई स्वच्छ एवम् न्यायोचित भर्ना प्रणालीमा सूचीकृत हुन धेरै अघिदेखि आग्रह गर्दै आएको छ। म्यानपावर कम्पनीहरू उक्त प्रणालीमा सूचीकृत नहुँदा वैदेशिक रोजगारमा जाने कामदारहरु जोखिम एवं आर्थिक शोषणमासमेत पर्ने गरेको बताइएको छ।

## रोमानियामा...

उक्त म्यानपावर कम्पनीबाट रोमानियाको एक सलाद उत्पादन कम्पनीमा काम गर्न गएका तनहुँ बन्दीपुर- ६, बाघखालका ३४ वर्षीय खोबिन्द्र गुरूङको क्यान्सर रोगका कारण उपचारको क्रममा गत माघ २४ गते रोमानियामा मृत्यु भएको थियो।

आइतबार कम्पनीको सिनामंगलस्थित कार्यालयमा आयोजित संक्षिप्त कार्यक्रममा नेपाल वैदेशिक रोजगार व्यवसायी संघ कार्यसमिति सदस्य समेत रहेका कम्पनी सञ्चालक सूर्यकुमार श्रेष्ठले मृतककी श्रीमती डिना गुरूङलाई चार लाख रूपैयाँको चेक हस्तान्तरण गरे।

सात महिनाअघि रोमानिया गएका गुरूङलाई पाँच महिनाअघि ब्लड क्यान्सरको संक्रमण देखिएको थियो। उपचारका लागि त्यतिबेला नै म्यानपावर कम्पनीले एक लाख रूपैयाँ पठाइदिएको थियो।

ब्लड क्यान्सर पीडित गुरूङको रोमानियाको सुविधा सम्पन्न अस्पतालमा उपचार गरिएपनि बचाउन नसकिएको सञ्चालक श्रेष्ठले मध्यान्हलाई जानकारी दिए। मृतक गुरूङका श्रीमती, एक छोरी र एक छोरा छन्। त्यसमध्ये छोरी मुटुको बिरामी छिन्। उनको बाँसबारीस्थित गंगालाल हृदय केन्द्रमा उपचार भइरहेको छ।

करिब तीस वर्षदेखि सम्पर्कविहीन भएका स्वर्गीय गुरूङका बुबालाई करिब एक महिनाअघि एक गैरसरकारी संस्थाले उद्धार गरी परिवारको सम्पर्कमा ल्याइदिएको थियो। दुई सन्तान र रोगी अवस्थामा रहेका ससुराको पालन पोषण तथा रेखदेखको जिम्मा पनि डिना गुरूङको काँधमा रहेको छ।

कार्यक्रममा गुरूङको निधनले अजित म्यानेजमेन्टले एक सहयोगी गुमाएको बताउँदै सञ्चालक श्रेष्ठले वैदेशिक रोजगार बोर्ड, बीमा कम्पनी र रोमानियास्थित रोजगारदाता कम्पनीसँग मृतक परिवारले पाउने सेवा सुविधा तथा बालबालिकाको अध्ययनका लागि छात्रवृत्तिसहित गुरूङका परिवारका एक सदस्यलाई रोमानियामा रोजगारी दिलाउन उच्च प्राथमिकतामा राखी सकेसम्म पहल गर्ने बताए। रोमानियाको उक्त सलाद कम्पनीमा करिब डेढ दर्जन नेपाली कार्यरत छन्। सञ्चालक श्रेष्ठले उनीहरूले संकलन गरी पठाएको २ लाख ७३ हजार रूपैयाँ पनि श्रीमती डिना गुरूङलाई हस्तान्तरण गरिएको जानकारी दिए। मृतकका दाजु कमल गुरूङले उपचारका क्रममा र मृत्युपछि अजित म्यानपावर कम्पनीले गरेको सहयोग र देखाएको सद्भावप्रति आभार प्रकट गर्दै मृतकका आश्रित बालकको उचित शिक्षा दिक्षाको विषयलाई परिवारले गम्भीररूपमा लिएको बताए। उनले छात्रवृत्ति र कम्पनीको तर्फबाट पनि क्षतिपूर्तिका लागि तत्परताका साथ लागिदिन आग्रह गरे।

सहयोग हस्तान्तरण कार्यक्रममा भारतस्थित रोमानियाको कम्पनी प्रतिनिधि चिन्न माया सिँहको पनि उपस्थिति रहेको थियो। कार्यक्रममा स्वर्गीय गुरूङको मृत आत्माको चीरशान्तिको कामना गर्दै दीप प्रज्वलनका साथ एक मिनेट मौन धारण गरिएको थियो।

## मुस्ताङमा...

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले चीनविरुद्ध गद्दारी गरेको र मुलुकलाई विदेशीहरुको खेलमैदान बनाउन चाहेको आरोप लगाएका थिए। ओलीको भनाइको खण्डन गर्दै सरकारका प्रवक्ता समेत रहेका मन्त्री शर्माले निकालेको विज्ञप्तिमा परराष्ट्र नीतिमाथि आँच पुऱ्याउने गरी यस्ता अभिव्यक्ति आउनु उपयुक्त नभएको भनिएको छ।


**Bannigadhi Jayagadh Rural Municipality**
**Office of Rural Municipal Executive**
**Jayagadh, Achham**
**Sudurpashim Province, Nepal**

**Invitation for Electronic Bids**

**(Date of publication: 6th March, 2023)**

1) Bannigadhi Jayagadh Rural Municipality, jayagadh, achham invites National Competitive Bidding (NCB) from registered contractors for the construction of *following works.*

2) The Estimated amount for the works is as specified on the following Table.

| S.NO. | Tender No./Sealed Quotation | Description of Works/Jobs | Estimated Amount (NRs.) (Without contingency and VAT) | Price of Bid Document (NRs.) | Last Date of Bid Submission/ Time | Bid Security (NRs.) / Minimum Validity |
|---|---|---|---|---|---|---|
| 1 | BJRM/NCB/ WORK/2079-080/03 | Construction of Kotghar Gajra Blacktop Road | 6273120.89 | 3000 | 05-04-2023, 12:00 Hrs | 158000.00/ 120 Days |
| 2 | BJRM/NCB/ WORK/2079-080/04 | Ward no.1 Gajra Office Building | 6797637.19 | 3000 | 05-04-2023, 12:00 Hrs | 170000.00 / 120 Days |

3) Eligible Bidders may get further information on PPMO website www.bolpatra.gov.np/egp.

4) *Bidders shall have submit their bid electronically only. No hard copy will be provided or accepted in the office.*

5) Electronic Bid Must Be submitted through e-procurement Portal www.bolpatra.gov.np/egp. before 12:00 hour , 2079/12/22 and Bids shall be opened in the presence Or in the absence of Bidders' representatives chosen by Bidders to attend at 14:00 hour and 2079/12/22 at the office of Bannigadhi Jayagadh Rural Municipality

6) Bids must be valid for a period of *120 days* after bid opening and must be accompanied by bid security, amounting as specified for each item in the following table, which shall be valid for *30 days* beyond the bid validity period.

7) If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in Deposit Office
**Account No.** 27151561540063 ( Bannigadhi Ga-1-1- Antarik Rajswa Khata)
**Bank:** Himalayan bank Ltd.., Bannigadhi Branch
and submit the receipt of the deposited amount of cash along with the bid document and for Bid Document Fee Bidder should ***(Mandatory mention Contact no. or contract name in deposited bank voucher)*** deposit cash in Office.

8) If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.

9) Bidders are advised to visit site and assess the actual site conditions before submitting their bids.

10) The Employer reserves the right to accept or reject, wholly or partially any or all the bids without assigning any reason, whatsoever.

**-Chief Administrative Officer**

# फागु पूर्णिमा मनाइँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ फागुन

फागु पूर्णिमा पर्व आज मनाइँदैछ । प्रत्येक शुक्ल पूर्णिमाको दिन फागु पूर्णिमा होली मनाइँन्छ । आज काठमाडौं उपत्यकासहित पहाडी तथा हिमाली क्षेत्रमा फागु पूर्णिमा परेको छ । यस्तै फागुन २३ गते तराई तथा मधेस क्षेत्रमा होली मनाइनेछ । पहिले पहाडी क्षेत्रमा होली खेल्ने चलन थिएन तर अहिले सबै क्षेत्रमा खेल्न थालिएको छ । आजको दिनमा विशेष रुपमा बालबालिकादेखि वृद्धवृद्धाले उत्सवका रुपमा एक आपसमा रङ, अबिर लगाइदिने, नाच गान गर्ने र मिठो परिकार बनाएर खाने र खुवाउने गरेर हर्षोल्लहासका साथ मनाउने परम्परा रहेको छ । किम्बदन्तीका अनुसार त्रेता युगमा नास्तिक हिरण्यकश्यपु नाम एक क्रुर राक्षस थिए ।



उनी नास्तिक भएका कारण भगवानको लिलामा विश्वास गर्दैनथे । उनको प्रह्लाद नामक छोरा थिए, जो भगवान विष्णुको परम भक्त थिए ।

हिरण्यकश्यपु आफूले आफूलाई बलवान ठान्दथे । तर, उनको पुत्र उनको आराधाना नगरी विष्णु भगवानको आराधाना गर्दथे । त्यो कुरा उनले सहन सकेन जसकारण आफ्नै पुत्रलाई मार्न तयार भए ।

अन्ततः उनको योजनाअनुरुप हिरण्यकश्यपुले पुत्रलाई अग्निकुण्डमा राखेर मार्नको निम्ति अग्निले पनि डढाउन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादलाई काखमा राखेर अग्गिन कुण्डमा बसाए । तर, अग्नि बस्दा पनि विष्णु भगवानको प्राथना गरेर बसेका प्रह्लादलाई अग्निले भष्म गरेन । उल्टै होलीका भने भस्म भइन् ।

अन्तमा हिरण्यकश्यपुलाई भगवान विष्णुले नृसिंह अवतार लिएर मारेका थिए । होलिका दहनकै खुशियाली मनाउन आपसमा रङ र अबिर लगाएर होली पर्व मनाउने परम्परा परापूर्वक कालदेखि चलिआएको धार्मिक विश्वास रहि आएको छ ।

यस्तै फागु पूर्णिमाको अवसरमा आज सरकारले सार्वजनिक विदा दिएको छ ।

यसैबीच फागु पर्वको अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री पुष्पकमल दाहाल लगायत शीर्ष नेताहरुले शुभकामना व्यक्त गरेका छन् ।

यस्तै प्रहरीले फागु पर्व अर्थात् होली सभ्य तरिकाले मनाउन अनुरोध गरेको छ। होहल्ला नगरी, जाँडरक्सी तथा लागुपदार्थ नखाइ एकआपसमा रमाएर होली मनाउन प्रहरीले अनुरोध गरेको हो । होलीलाई व्यवस्थित गर्न यस पटक पनि प्रहरीले विशेष सुरक्षा योजना लागू गरेको छ ।

इच्छा विपरीत रंग वा लोला हाने पक्राउ गरेर मुद्दा चलाउने प्रहरीले जनाएको छ ।

अभद्र तरिकाले होली खेलिएको पाइए कारबाही हुनेछ । यस्तै, कसैले इच्छा विपरीत रङ्ग लगाए, लोला हाने वा फोहर पानी र विभिन्न केमिकल मिसिएको पदार्थ लगाइदिए तुरुन्त प्रहरीको १०० नम्बरमा फोन गरेर जानकारी दिन सकिन्छ । प्रहरीको १०० नम्बरमा फोन गर्दा पैसा लाग्दैन । यो नम्बरमा गुनासो आउने बित्तिकै सम्बन्धित ठाउँमा प्रहरी पुग्नेछ ।

यसैगरी होलीलाई लक्षित गरी आज ठाउँठाउँमा चेकपोइन्टहरु पनि राखिएको छ भने मोबाइल गस्ती बढाइने छ भने सादा पोसाकमा समेत प्रहरी खटिएका छन् ।

मोटरसाइकल चलाउँदा हेलमेट अनिवार्य लगाउन, तीन जना नचढ्न र जाँडरक्सी वा लागुपदार्थ खाएर गाडी नचलाउन प्रहरीले आग्रह गरेको छ ।

# इच्छाविपरीत होली नखेल्न प्रहरीको आग्रह

**बिनोद अधिकारी/मध्यान्ह**
चितवन, २१ फागुन

जिल्ला प्रहरी कार्यालय चितवनले कसैको इच्छाविपरीत होली नखेल्न आग्रह गरेको छ । सभ्य एवम् सुरक्षित तवरले होली पर्व मनाउन आम सर्वसाधरणलाई समेत चितवन प्रहरीले अनुरोध गरेको छ । जिल्ला प्रहरी कार्यलय चितवनले एक सन्देश जारी गर्दै होली पर्वलाई सभ्य, शिष्ट, स्वास्थकर र मर्यादित तवरले मनाउन सबैलाई अनुरोध गरेको हो । आत्मीयरुपमा नजिक भएका व्यक्ति वा आफान्तसँग खोली खेल्न, होली पर्वको नाममा उच्छृंखल क्रियाकलाप नगर्न प्रहरी कार्यालय चितवनले आग्रह गरेको छ ।




महंगो गरगहना लगाई होली नखेल्न, ट्राफिक नियमको पूर्ण पालना गर्न, मादक पदार्थ सेवन गरि सवारी साधन नचलाउन, अशक्त, महिला, वालवालिका, ज्येष्ठ नागरिक तथा पर्यटकलाइ कुनै पनि प्रकारको दुर्व्यवहार नगर्न प्रहरी कार्यालयले अनुरोध गरेको छ । होलीको समयमा विगतका वर्ष विभिन्न घटनाहरु भइरहेकाले सचेत रहन समेत चितवन प्रहरीले आग्रह गरेको छ । होलीको समयमा कुनै अप्रिय र उच्छृंखल गतिविधि हुन नदिन प्रहरीले विशेष सुरक्षा व्यवस्था मिलाएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता विजयराज पण्डितले जानकारी दिए । कसैको इच्छा विपरीत रंग, लोला, मोबिल, केमिकल रहेको फोहोर पानी प्रयोग गरेको उजुरी परेमा प्रचलित कानूनबमोजिम कारवाही हुने प्रवक्ता पण्डित बताउन्छन् ।

भिडभाड हुने स्थानमा पकेटमार तथा लुटपाटका घटनाको सम्भावना भएकाले सावधानी अपनाउन प्रहरी कार्यालयले गरेको छ । कुनै अप्रिय घटना घटेमा प्रहरीको नियन्त्रण कक्ष नम्बर १००, ट्राफिक प्रहरीको नियन्त्रण कक्ष नम्बर १०३ र चितवन प्रहरीको नम्बर ०५६-५९४८५५, ९८५५० ९०१३३ मा खबर गर्न सकिने सन्देशमा उल्लेख गरिएको छ ।

# हुम्लामा सवारी चेक जाँचमा कडाइ



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २१ फागुन ।

हुम्लाको सिमकोट गाउँपालिका, खार्पनाथ गाउँपालिका र नाम्खा गाउँपालिकामा सञ्चालन हुँदै आएको सवारी साधनको चेक जाँचमा कडाइ गरिएको छ ।

हुम्लामा दुई वर्ष अगाडि नै ट्राफिक कार्यालय स्थापना गरिएको थियो । अहिले जिल्लामा सवारी साधनको संख्या बढेपछि ट्राफिक चेकजाँचमा कडाइ गर्न थालिएको ट्रफिक हवालदार सुरेन्द्र खड्काले जानकारी दिए । हवालदार खड्काका अनुसार जिल्लामा यातायातका साधन वृद्धि भएपछि दुर्घटनाको सम्भावना पनि बढेकोले सवारी चेकजाँचमा कडाइ गरिएको छ ।

जिल्लामा छोटो तथा लामो दुरीमा सञ्चालन हुने बोलेरो जिप, ट्र्याक्टर, मोटरसाइकलमा कडाइका साथ चेक जाँच गरिएको उनले बताए । सवारी चलाउन अत्यावश्यक लाइसेन्स, बिलबुक, सवारी साधनको नम्बरको चेक जाँच गर्ने गरिएको ट्रफिक हवालदार खड्काले जानकारी दिए ।

उनका अनुसार जिल्लामा करिब बीस बोलेरो जिप, पन्ध्र ट्र्याक्टर र नौवटा मोटर साइकल दर्ता रहेका छन् । यस भन्दा अगाडि अनियमित सवारी साधन चलाउने गरिएको भएपनि अब सबै सवारी साधन नियम मिचेर चलाउन नपाइने उनले बताए । यदि नियम विपरीत कुनै सवारी साधन चलाएको भेटिएमा नियम अनुसार रसिद काटेर जरिवाना गरिने उनको भनाइ छ । नियम विपरीत सवारी साधन चलाएमा रु.१५ सय देखि पाँच हजार सम्म जरिवाना हुने व्यवस्था छ ।

**Cyprus मा रोजगारको अवसर**

१.कम्पनीः **Mavromatis Employment Bureau Ltd.,** Cyprus, Larnaca
पूर्व स्वीकृती मिति २०७९।३।२ | चलानी नं. ६०१८११७० | LT.No. 265238 | पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook A | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | १३८,८२०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Barmaid | 2 | 0 | | 800 | १११,०५६।- | | | | | | | |
| 3 | Waiter/Waitress | 2 | 2 | | 800 | १११,०५६।- | | | | | | | |
| 4 | Chambermaid | 0 | 2 | | 700 | ९७,१७४।- | | | | | | | |

२.कम्पनीः **Medeon International Placement Agency Ltd.,** Cyprus, Larnaca
पूर्व स्वीकृती मिति २०७९।४।५ | चलानी नं. ६०१८३६११ | LT.No. 267642 | पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 3 | 1 | सम्बन्धित काममा दक्ष | 700 | ९७,१७४।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Houseboy | 4 | 0 | | 500 | ६९,४१०।- | | | | | | | |
| 3 | Waitress | 0 | 3 | | 600 | ८३,२९२।- | | | | | | | |

३.कम्पनीः **Orthodoxou Employment Bureau Ltd.,** Cyprus, Larnaca
पूर्व स्वीकृती मिति २०७८।११।१२ | चलानी नं. ६०१७५०२२ | LT.No. 258598 | पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | 07 | काममा दक्ष | 314 | ४३,५९०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

४.कम्पनीः **Mavromatis Employment Bureau Ltd.,** Cyprus, Larnaca
पूर्व स्वीकृती मिति २०७८।११।१० | चलानी नं. ६०१७४८४७ | LT.No. 258414 | पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | 03 | काममा दक्ष | 315 | ४३,७२८।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि–मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।– | कामदार स्वयं रु. १,५००।– | रु.४०,०००।– |

**अन्तर्वार्ता २०७९ फाल्गुण २९ गते (13 March, 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।**

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :– १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भाबना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Govt. Lice. No.: 1172/073/074

**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

## Invitation for Bids

## Rangeli Municipality
## Office of The Executive Municipal
**Rangeli, Morang**

### Invitation for Electric Bids only for the Works

**Date of publication: 06-03-2023(22/11/2079)**

1. ***Rangeli Municipality*** invites electronic bids only from Nepalese eligible bidders & applying the ***Construction Form, Company*** for ***Works*** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office OfRangeli Municipality, Rangeli, Morang***, mailing address-rangelimun.gov.np,Mobile No -9811365838and email*** ***address- erbishalsharma@gmail.com*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder submits their bid electronically only & may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp.. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   | | | |
   |---|---|---|
   | Name of the Bank | : | Agricultural Development Bank, Branch Office, Rangeli, Morang |
   | Name of Office | : | Rangeli Napa Nagarkaryapalika, Rangeli, Morang |
   | Office Account no. | : | Rajaswa (revenue) |
   | Shirshak no. | : | **Ga(1.1)0601401150257011** |

4. Pre-bid meeting shall be held at RangeliMunicipality,Rangeli,Morangat ***26/03/2023 (2079/12/12) 0n 13.00hrs .***
5. Electronic bids must be submitted to RangeliMunicipality,Rangeli ,Morang through PPMO website www.bolpatra.gov.np/egpon or before **12:00** on ***05/04/2023 (22/12/2079)***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend ***13:00, 05/04/2023 (22/12/2079)*** at the office of ***Rangeli Municipality.*** Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
7. **Information to deposit the Bid security in Bank:** Name of the Bank: **Agricultural Development Bank, Rangeli,Morang, Deposit no-Ga(3.1)0601401150257079.**Name of Office: ***RangeliNagarpalika, Rangeli, Morang.***
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. **Details of Works**

| S. No. | Contract Identification No. | Name of Works | Stage/ Envelop | Estimated Amount without Vat & Contingency | Bid Security Amount NRs. | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|
| 1 | NCB/Rangeli/ Goods/ 29/079/80 | Supply of SMD LED Street light 74 watt-D917465,Rated Lumen-7400Lm,Typical CCT-6500K,CRI > 80 , IP protection-IP66, LM80 tested, power factor > 0.9, as per attached data sheet along with water proof aluminium die cast housing and other all components of same brand (Wipro(Garnet) /Osram/Philips Make, Legero) with all test certificates , 2 years guarantee as per specification. | Single / Single | 2,610,000.00 | 70000.00 | 3000.00 |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२२ फागुन २०७९, सोमबार
6 March 2023, Monday

## सम्पादकीय

### रंग र सद्भावको उत्सव

होली, रंग र सद्भावको पर्व हो । फागु पनि भनिने होली आफन्तजनमा शुभकामना आदान प्रदान गर्ने पर्वको रूपमा मनाइन्छ। नेपालको हिमाल,पहाड र तराई सबै भेगमा हर्षोल्लासका साथ मनाइने होलीमा आफन्तजनहरूले एक आपसमा विभिन्न रंगहरू दल्ने चलन छ । होलीमा प्रयोग हुने ती रंगहरूको भिन्नभिन्नै विशेषता रहेका छन् । होलीमा रातो, हरियो तथा नीलो रंगको खास महत्व हुन्छन्, त्यसैले यी रंगलाई मूल रंग मानिन्छ । रातो रङ्गलाई प्रेम, पवित्रता, ऊर्जा, शौभाग्य, विजय तथा समृद्धिको प्रतीकका रूपमा लिइन्छ । त्यस्तै, निलो रंगले ताजापन, मानवता, धैर्यता र अहिंसालाई दर्शाउँछ । पहेलो रंग उज्यालो, प्रसन्नता न्यायको संकेत हो भने भगवान् श्री कृष्णको पनि प्रिय रंग हो यो । हरियो रङ्ग शितलता, शान्ति तथा आशाको प्रतीक हो । अनि वैजनी रङ्ग सत्यसँगै शान, कला एवम् भावनाको अभिव्यक्तिको संकेत हो । त्यस्तै, सुन्तला रंगलाई बल र बुद्धिको सूचकका रूपमा लिइन्छ ।

शिशिर ऋतुको विदाइ गर्दै वसन्त ऋतुको आगमनमा मनाइने होलीलाई वसन्त ऋतुको महान चाड समेत मानिन्छ । यस पर्वको आफ्नै सांस्कृतिक, धार्मिक र सामाजिक विशेषता रहेको पाइन्छ । त्रेता युगमा दैत्यराज हीरण्यकश्यपुले विष्णुभक्त आफ्ना पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाउँदा होलिका आफैँ भष्म भएकी तर भक्त प्रह्लादलाई भने आगोले छुन नसकेको मिथकीय कथा यो पर्वसँग जोडिएको छ ।

यस्तै त्रेता युगमा फागुन शुक्ल सप्तमीका दिन राम र सीताका सखीबीच होली खेलेको सम्झना गर्दै नेपालको मधेस प्रदेशको विशेषगरी मिथिला क्षेत्रमा भव्य रूपमा फागु खेलिन्छ ।

नारद पुराण र भविष्य पुराणअनुसार द्वापर युगमा भगवान् श्रीकृष्णलाई दूध खुवाएर मार्न आएकी राक्षसनी पुतनाको यही पूर्णिमाकै दिन बालक कृष्णले वध गरेपछि गोकुलवासीहरूले जयजयकार गर्दै सो दिन रंगीन उत्सव मनाएको र कालान्तरमा यही पर्व होली भएको शास्त्रोक्त वर्णन छ ।

कलियुगमा पनि यसलाई विजय उत्सवसँग जोडेर हेरिएको छ । काठमाडौं उपत्यकामा प्रचलित कथन अनुसार व्यापारको सिलसिलामा तिब्बत पुगेका उपत्यकाका एक प्रसिद्ध व्यापारीलाई नेपाल फर्कने क्रममा सुन्दरी राक्षसनीहरूले मायाजालमा पारी हत्या गर्न खोजेका थिए । तर ती व्यापारी वायु पंखी घोडा बनि नेपाल फर्कन सफल भएको खुशीयालीमा हर्षोल्लास पूर्वक होली मनाउन थालिएको कथन छ ।

रंग र सद्भावको उत्सव यस पर्वले सामाजिक एकता कायम राख्न समेत महत्वपूर्ण भूमिका खेलेको छ । समुदायमा सबै भेला भई एकआपसमा रङ्ग दली यो पर्व मनाउँदा यसले आपसी द्वेष र राग हटाउन भूमिका खेल्दछ ।

केही समय अघिसम्म होली पर्वलाई यसको मर्म र महत्व विपरीत रमाइलोका नाममा अपरिचितलाई समेत लोला हान्ने र पानी छ्यापिदिने गर्दथ्यो । तर पछिल्लो समय भने होली पर्वमा देखिने विकृतिमा कमी हुँदै आएको छ । यो सकारात्मक पक्ष हो । किनभने हाम्रा चाडपर्वहरू हाम्रा अमूल्य धरोहर मात्र होइनन् समाज र देशकै पहिचान समेत हुन् । त्यसैले यसलाई मौलिक रूपमा संरक्षण गरेर समय अनुरूप प्रवर्द्धन गर्दै जानुपर्छ ।

# फागुपर्वको सांस्कृतिक महत्व

*मन, मस्तिष्क र समग्र समाजको प्रदूषण हटाई नवीन चेतना, उत्साह र नयाँ कार्यशैलीप्रति प्रेरणा दिने पर्व फागुपर्वले हाम्रा घर आँगनीमा सामाजिक एकता र सद्भाव कायम राख्न प्रेरणा दिन्छ ।*

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'



आज फागुको उत्कर्ष खासगरी पहाडी क्षेत्रमा, भोलि तराई क्षेत्रमा बस् हाम्रै संस्कृति, हाम्रो धर्म, हाम्रै मर्म, एकताको प्रतीक राष्ट्रिय पर्व । वसन्तपुर काठमाडौंमा लिंगो ठड्याइ यस वर्षको फागु पर्व औपचारिकरूपमै शुरू भएको एक साता भइसकेको छ । फागुको पूर्व सन्ध्यामा केही वर्षात् भएको हो, कतै त हिमपातका खबर पनि आएका हुन्, फेरि उस्तै छ मौसम । यसपालि हिउँदमा वर्षा भएन, मौसम जाडोबाट बिस्तारै गर्मीतिर उन्मुख छ भने प्रकृतिले नयाँ पालुवाहरु दिन थालेको छ । यही फागुन १५ गतेदेखि देशव्यापी उत्सव, वसन्तोत्सव फागुको उत्सव शुरु भइसकेको हो तर, रौनक देखिएन । रंगको पर्वका रूपमा चिनिएको यो महोत्सव फाल्गुण शुक्ल अष्टमीदेखि आरम्भ भई ०७९ फागुन २३ पूर्णिमासम्म उत्सर्गको रूपमा पुग्दैछ ।

होली खेल्ने रंग, अबिरहरु पनि देशले आयात गर्ने गरेको छ । अधिकारको दुरूपयोग गर्नेलाई होलिकाको अवस्था हुने विम्ब पस्कँदै समापनतिर जाने यो पर्व सत्ययुगदेखि नै आरम्भ भएको हो । धर्म, संस्कृतिको अक्षुणतालाई कायम राख्ने नेपालीहरुका घर आँगनमा वसन्तको महोत्सव, होलीपर्व, हर्ष र विजयोत्सवका रूपमा सदाझैँ यस वर्ष पनि आइओरी जानै लाग्यो, विखण्डनतिर उन्मुख भइरहेको, हरेक विषयमा समर्थन र विरोध भनौं अन्तर विरोधको स्वरमा हुर्कन लागेको हाम्रो समाजलाई यो पर्वले निश्चय नै सद्भाव र भाइचारा अनि राष्ट्रिय एकताको सन्देश दिन्छ नै । प्रदेशतिर उन्मुख अञ्चलको नाम कोशी दोहिरिन छ वर्ष लाग्यो, धेरै नाम त अञ्चलबाटै जुरेछ । र, त दुर्गा प्रसाईंहरु काठमाडौं छिरेका छन् । नयाँ ऊर्जा, नयाँ उत्सव, नवीनतम् जोश र जाँगर लिएर, नेपालको भावी चित्र खिच्ने अभिलाषा बोकेर । नवबसन्तको खोजी गरिरहेका आम नेपालीहरु बीच अतीतका कटु यथार्थलाई बिर्सेर धार्मिक, सांस्कृतिक सद्भाव र मौलिक चिनारी प्रस्तुत गर्न उद्यत् नेपालीहरु के तराई, के उपत्यका के पहाड सबैतिर एक हप्तासम्म होली महोत्सव मनाउँदैछन् । देश विकास भनौं प्रगतितर्फ उन्मुख हुन पहिले मनोमालिन्यलाई छोड्नु पर्छ र त चीरदाहको नामले परिचित फागुलाई असत्यमाथि सत्यको बिजय उत्सवका रूपमा लिने चलन रहेको हो ।

राजधानी काठमाडौंको वसन्तपुरमा एकहप्ता अगाडि नै २५ फिट अग्लो काठको लिङ्गो ठड्याई विभिन्न रङ्गका कपडाले बेरेर बडो उल्लासका साथ फागु आगमनको संकेत दिने लिंगोलाई वृन्दावनको आनन्द कदमको रुखको प्रतिक मान्ने चलन छ । लिंगोको टुप्पोमा छत्राकार दिइएको चीर ठड्याउने कार्यलाई फागु पूर्णिमाको अघिल्लो रातिसम्म राखेर जलाइन्छ । चीरलाई दहन गरिने भएकाले चीरदाहको नामले फागु पूर्णिमाका दिन खुशीयालीका रूपमा पनि मान्ने चलन छ । चीरलाई दहन गरिने भएकाले चीरदाहको नामले फागु पूर्णिमाका दिन खुशीयालीका रूपमा जात्रा मनाइन्छ । चीरको खरानी दल्ने, त्यसको टीका लगाउने, घर सजाउने, शरीरमा रंगी विरंगी चित्र वनाई एक आपसमा फागु खेल्ने चलन पनि रहेको छ । शत्रुता र वैरभावलाई बिर्सेर आपसी भाइचाराको रूपमा, मित्रताको गाँठो बलियो पार्ने चाडको रूपमा पनि फागुलाई मनाइने गरिन्छ ।

तराईमा फागुको रौनक पूर्णिमाको भोलिपल्ट हुन्छ । मिथिला (जनकपुर)मा धूमधामसाथ मनाइने यो पर्वले तराईका प्रत्येक कुनासम्म आफनो पहुँच बढाएको छ । तराईका ग्रामीण परिवेशमा रहेका फोहोर, घाँस पतझरहरुलाई जलाएर पुराना दर्द विर्सने, चीरदाह, उत्सवका रूपमा मनाइन्छ । वसन्तका नयाँ पालुवाझैँ जीवनमा नयाँ उत्साहको उर्जा थप्ने चाड फागु नेपालका कुनाकाप्चा ग्रामीण परिवेशसम्म बडो उत्सुकताका साथ मनाइने गरिन्छ । अधिकारको दुरूपयोग गर्नेहरुलाई विशेष सतर्क गराउने संकेत दिने 'होलिका दहन उत्सव'ले प्राचीन इतिहासको पनि संकेत गर्छ ।

धन, पद प्रतिष्ठाको अनि क्रोध, लोभको प्रतिक हिरण्यकशिपुले सात्विक कार्यका प्रतिक प्रह्लादको अन्त्य गर्न भरमग्दूर प्रयत्न गरेको तर, सत्यको विनाश भने हुन नसक्ने देखेपछि अग्निले दहन गर्न नसक्ने दैवीशक्ति लिएर बसेकी आफनै बहिनी होलिकाको काखमा राखेर भक्त प्रह्लादको अन्त्य गर्ने

*वसन्तका नयाँ पालुवाझैँ जीवनमा नयाँ उत्साहको उर्जा थप्ने चाड फागु नेपालका कुनाकाप्चा ग्रामीण परिवेशसम्म बडो उत्सुकताका साथ मनाइने गरिन्छ । अधिकारको दुरूपयोग गर्नेहरूलाई विशेष सतर्क गराउने संकेत दिने 'होलिका दहन उत्सव'ले प्राचीन इतिहासको पनि संकेत गर्छ ।*

प्रयास स्वरूप प्रह्लादलाई जलाउन प्रयत्न गऱ्यो । अन्ततः प्राप्त शक्तिको दुरूपयोग भएको देखी अग्निदेवले प्रह्लादको सट्टा होलिकालाई नै दहन गरिदिए । असत्यको प्रतिक हिरण्यकशिपु र उसकी समर्थक होलिका दहनको खुशीयालीमा त्यसै होलिका दहनको खरानीको टीका लगाई खुशी व्यक्त गर्ने क्रममा फागु खेल्ने परम्परा विकसित हुँदै आयो । प्रह्लादलाई बाजा गाजासहित रंगीन उत्सवका साथ अवीरयात्रा गरिएको संस्मरण स्वरूप फागु पूर्णिमा मनाउने चलनले सबै जनमानसमा एउटा अमिट छाप छोडेको छ ।

सत्ययुगको उपर्युक्त संस्मरणले द्वापरयुगको संकेत स्वरूप वृन्दावनमा गोपिनीहरुका साथ श्रीकृष्णले रसरङ्ग गरेको प्रसँग पनि जोडिन पुग्छ । होलिको उत्सव मान्दै कल्मष हटाउने, आत्मीय स्नेह बढाउने, सुख, समृद्धि र ऐश्वर्य वृद्धि गर्ने चाडको रूपमा द्वापरयुगदेखि नै मान्दै आएको पर्व कलियुग आजसम्म आइपुग्दा पनि वढेको छ । आफन्तहरुसँग भेटघाट गरी खुशीको साटासाट गर्दै उपहार दिँदै, मीठा खानेकुरा खाने पर्वका रूपमा पनि यसलाई लिइन्छ । नयाँ अन्न स्वास्थवर्द्धक जौ, चना, गहुँको परिकार बनाउने त्यसको आहुति दिँदै आत्मेश्वर शरीरभित्रको परमेश्वरलाई भोगप्रसाद लगाउने चाडका रूपमा पनि यसलाई हेर्ने गरिन्छ । यसमा आहुती दिइएको तिलक प्रसाद टीका लगाउने चाडको रूपमा पनि लिइन्छ ।

द्वापर युगमा राजा युधिष्ठिरको पालामा पनि होलिमहोत्सव मनाइने गरिन्थ्यो । भविष्य पुराणको कथाअनुसार ढुण्डा नामकी राक्षस्नीले केटाकेटीहरुलाई बडो उपद्रव गर्न थालेकीले हातमा मसाल लिएर ठूलो जनसमूहका साथमा अग्नि प्रज्वलित गर्दा ढुण्डा राक्षसी डराई केटाकेटी अपहरण गर्ने कार्य बन्द गरेकी र सवैलाई सुख शान्ति मिलेको कुरा पनि पौराणिक कथाहरुको प्रसंग पाइन्छ । फागु महोत्वसमा अग्नि दहन गर्दा वरिपरिको वातावरण स्वच्छ, पवित्र हुने, रोग निरोधक शक्ति वृद्धि हुने, रोगका कीटाणुहरु, फोहोर नाश हुने, शरीर निरोगी हुने वैज्ञानिक दृष्टिकोणले पनि यो उत्सवलाई सवैले मान्ने गरेका हुन् । प्रदूषित वातावरण, समयमा सहरमा फोहोर नउठ्नेकार्यलाई यो पर्वले तीखो व्यंग्य गरेको छ र आफैं आफैं मिलेर सरसफाइ गरौं भन्ने संकेत गर्छ

नेपालमा यस पर्वको थालनी मल्ल राजाहरुबाट भएको हुनसक्ने कुरा हनुमान ढोकामा चीर ठड्याउने कार्य आरम्भले स्पष्ट संकेत दिन्छ । फागुको राग गाउने परम्परा पनि मल्लकालीन इतिहासबाट आरम्भ भएको देखिन्छ । एउटा किम्बदन्ती अनुसार भोट गएका एक व्यापारी आफ्नो बस्ती काठमाडौंको ठहिटी टोलमा फर्कन सकेको खुशीयालीमा काठमाडौं शहरमा अवीर जात्रा गर्ने परम्परा सुरु भएको भन्नेहरु पनि छन् । काठमाडौंको ठबलि महाबिहारबाट "चक्रद्य" जात्रा सुरु हुने परम्परा भएकाले सो कुराको पुष्टि हुन्छ । काठमाडौंबासीले होलिलाई "चक्रद्य" भन्ने गरेका र यो जात्रा होलिकै सम्झनामा सुरु भएको हुन सक्ने कुरा संस्कृतिविद्हरुको मत छ । भगवान मस्येन्द्रनाथको पुकार गर्दै "सार्थबाहु" नामक व्यापारी ठूलो कष्टका साथ भोटबाट फर्कन सकेको संस्मरणस्वरूप पनि काठमाडौंबासीले यो जात्रा सुरु गराएको भन्ने किम्वदन्ती छ । आफ्नो भदा प्रह्लादलाई काखमा राखी जलाउन खोज्दा आफैँ डढेकी र त्यसको खुसियालीमा होलिका दहन उत्सव मनाइने गरिएको हो । सत्ययुगदेखि नै आरम्भ गरिएको फागु उत्सवले प्राप्त अधिकारको दुरूपयोग गर्नेलाई होलिकाकै हालत हुन्छ भन्ने संकेतसमेत दिन्छ । हिरण्यकशिपुको वितण्डा समाप्त पार्न, सत्य, शान्त र भक्तिभावले ओतप्रोत प्रह्लादलाई बचाउन जगदीश्वर श्रीविष्णु आज्ञाले हिरण्यकशिपुकी बहिनी होलिकाको अन्त्य गरेको प्रसंग पनि पौराणिक चर्चाको विषय बनेको छ ।

पुरानो मनोमालिन्य, शत्रुता र वैरभावलाई बिर्सेर घर-घरमा गई शुभकामना, भोज भतेर, बधाई साटासाट गरिने यो फागुपर्व काठमाडौंमा मल्लकालदेखि आरम्भ भएको कुरा इतिहासले पुष्टि गरेको छ । २५ फिट अग्लो काठको लिङ्गो काठमाडौंको वसन्तपुरमा ठड्याउने, विभिन्न रंगिन कपडाले त्यसलाई बेर्ने, टुप्पामा एक किसिमको झल्लरी छाताजस्तो बनाउने र होलिको रात्रिमा त्यसलाई जलाउने गरिन्छ । यसै कार्यलाई चीरदाह भनिने र चीरको खरानी टिका लगाउँदै, फागुका अनेकौं गीत, नृत्य र खासगरी व्यङ्ग्य गीत गाउँदै वडो हर्षोल्लासका साथ मनाइने पर्व फागु विजय उत्सवको नमूना नै हो भन्न सकिन्छ । प्राचीन समयमा व्यपारिक काममा ल्हासा पुगेका सार्थबाहु सिँह सजिलै काठमाडौंको ठहिटी आफ्नो घर फर्कन सकेको उपलक्ष्यमा काठमाडौंबासीले त्यस दिनको सम्झना स्वरूप यो उत्सव मनाउन लागेको भन्ने किम्बदन्तीहरु छन् । काठमाडौंमा अहिले पनि "चकद्य" यात्राको रूपमा मनाइ चकद्य मूर्ति दीपाङ्करको आकारमा बनाई खुसीयाली गर्ने परम्परा कायमै भएकाले किम्बदन्तीमा विश्वास गर्ने आधारहरु छन् । व्यापारी सार्थवाहुलाई बाटामा अनेकौं झन्झट आइलागे पनि मत्स्येन्द्रनाथको कृपाले उनी घर फर्कन सकेका र टोलिमा गएका कतिपय साथीहरु राक्षसको आहार बनेका पनि थिए रे ! गहुँ, चना, जौ को आहुति दिएर डढेको खरानी प्रसाद स्वरूप लिने परम्परा पनि छ । फागु उत्सवमा आगोमा भुटेका अन्न वढी पौष्टिक हुन्छ र शरीर निरोगी र फुर्तिलो बन्छ । बाटा घाटाहरुमा रहेका फोहोर डढाउने, हटाउने कार्यले वातावरण राम्रो र स्वस्थकर हुन्छ । यसरी मन, मस्तिष्क र समग्र समाजको प्रदूषण हटाई नवीन चेतना, उत्साह र नयाँ कार्यशैलीप्रति प्रेरणा दिने पर्व फागुपर्वले हाम्रा घर आँगनीमा सामाजिक एकता र सद्भाव कायम राख्न प्रेरणा दिन्छ ।

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

चल्तीको राजनीतिमा प्रभावकारी र परिणाममुखी राज्यसंचालनका लागि आवश्यक सोच, इमान, निष्ठा, नियत र क्षमता केही पनि छैन । विदेशी इष्टदेवहरूलाई रिझाएर सत्ता हत्याउने र सक्दो राज्यदोहन गर्नेमा मात्र चल्तिको राजनीतिको ध्यान छ । राष्ट्र भड्खालो परे पनि यो राजनीतिलाई कुनै मतलब छैन ।



**- राधाकृष्ण कटवाल**

पाँच हजारको हत्या स्वीकारेका प्रचण्डविरूद्ध मुद्दा दर्ता गराउन सर्वोच्चले आदेश दियो भनेर मख्ख पर्नु बेकार छ । अदालत यतिबेला प्रमाणभन्दा पनि चर्चा र भीडको पछाडि लागिरहेको छ । सार्वजनिक स्थलमा बोल्दैमा प्रमाण हुँदैन । सो बेलाका नेतृत्वकर्ता सबै फस्छन् अनि हुन्छ कारबाही ? यो नाटकै हो !



**- राजेश राई**

कमरेडहरू ! संकल्प, सपना वा समृद्धिको कुरा छोडीदिनुहोस् । आफ्नो रक्षाको लागि जायज नाजाय सबै-सबै सम्झौता गर्नुपर्ने बाध्यतामा पुग्नु भएको छ । लोकतन्त्रको गीत होइन बरू कालीप्रसाद रिजालको गीत 'भोलि उठी कहाँ जाने केही थाहा छैन, फर्कि आउने हो कि होइन केही थाहा छैन ?' मा भाका हाल्नुहोस् ।



**- च्यवन घिमिरे**

बहाल बाला प्रधानमन्त्रीलाई मुद्दा लगाउन नपाइने ! नागरिकता नभएको गृहमन्त्रीलाई छानविन गर्न नपाउने ! बलात्कार आरोपी तथा मुद्दा चलिरहेको खेलाडी राष्ट्रिय टिमबाट विदेश गएर खेल्न पाउने ! लोकप्रिय कलाकार मुद्दाको कानून छाडेर अडियो रेकर्डका आधारमा छुटने ! भ्रष्टाचारको मुद्दा पेशी नचढ्ने !



**- हरिकृष्ण शाक्य**

पञ्चायतकालमा राजाको शासन थियो । कुनै काम कर्मचारीले तामेल गर्ने आलटल गरेर दुःख दियो भने हाकिमलाई गएर भनेपछि उनले बोलाएर कुरा बुझेर काम गरिदिने आदेश दिएपछि अप्ठ्यारो मानेर भएपनि काम गर्दिन्थे । अहिले त नत हाकिमलाई टेर्छ नत बुझेर काम गरिदिन्छन् । हाकिमलाई भन्यो भने उसैलाई भन्नुहोस् भनेर पन्छिन्छन् ।

# हरियो सहरको निर्माण

विचार



● सामाक्षी तिवारी

*हामी रुखहरू काट्दै अग्ला भवनहरू, सडकहरू र अन्य पूर्वाधार परियोजनाहरू बनाइरहेका छौं । हामीले एकातिर प्राकृतिक संरचनामा परिवर्तन गरिरहेका छौं भने अर्कोतिर थुप्रै प्रजातिको जीवनचक्र पनि जोखिममा पारेका छौं । भू-उपयोगमा भएको यो परिवर्तनले विभिन्न प्रजातिको संख्यामा ठूलो ह्रास ल्याएको छ ।*

